मिति : २०७३ साल पुस २८

# प्रेस नोट

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आज २०७३।०९।२८ गते बसेको कार्यकारी समितिको ४० औं बैठकले देहायबमोजिमका निर्णय गरेको छ :

१. प्राधिकरण अन्तर्गत रहेको केन्द्रीय गुनासो सुनुवाई समितिको मिति २०७३।०९।२८ को निर्णयानुसार यस समितिमा पेश हुन आएका लाभग्राहीमा पर्ने गुनासोहरु १८५००, गैर लाभग्राहीमा पर्ने गुनासोहरु ३०९२५, फिल्ड सर्भेक्षण गर्नुपर्ने १७६५४ र फिल्ड भेरिफिकेशन गर्नुपर्ने ३४३२ संलग्न अनुसूची अनुसारका गुनासोहरुको फछ्र्यौट गर्ने सम्बन्धी सिफारिस स्वीकृत गरी सो अनुरुप सम्बधित गाविस एवं नगरपालिकाहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने । फिल्ड सर्भेक्षण र फिल्ड भेरिफिकेशन कार्र्य हाल उपलब्ध जनशक्ति प्रयोग गरि माघ मसान्तभित्र सम्पन्न गर्न सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई जिम्मेवारी दिने ।

२. मन्त्रिपरिषद्को गत मिति २०७३/०९/१४ को निर्णयानुसार स्वीकृत भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ अनुरुप संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट प्रबलीकरणका लागि छनौटमा परेका १४ जिल्लाका जम्मा १९८६६ जना लाभग्राहीहरुको सूची प्राप्त भएको जानकारी यस समितिलाई भयो । उक्त सूची विश्लेषण गरि स्वीकृतका लागि आगामी बैठकमा पेश गर्ने ।

३. विविध

क) एकीकृत नमूना बस्ती विकास गर्नका लागि पुनर्निर्माणमा जागरण अभियान चलाउने, स्थानीय जनसहभागिता जुटाउने, स्वयंसेवक परिचलान गर्ने, समाज एकीकरण गर्ने, प्रचारप्रसार गर्ने जस्ता क्रियाकलाप संचालन गर्ने कार्यमा सहकार्य गर्न धुर्मुस सुन्तली

फाउन्डेशन जस्ता गैर नाफामुलक सामाजिक संस्थाहरुवाट सहकार्य गर्न प्रस्ताव प्राप्त गर्ने ।

ख) विभिन्न विश्व विद्यालय अन्तर्गतका ईन्जिनियरिङ संकाय-कलेजमा सिभिल ईन्जिनियरिङ्गको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई २०७३ माघ २१ देखि फागुन २० सम्म एक महिनाका लागि पुनर्निर्माण अभियानमा स्वयंसेवकको रुपमा खटाईदिने व्यवस्था मिलाउन विश्व विद्यालयहरुलाई निर्देशन दिनका निम्ति विश्व विद्यालयको कुलपति समेत रहनुभएका प्राधिकरण निर्देशक समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष अनुरोध गरिदिन श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउने ।

डा. भीष्मकुमार भूसाल

सह-प्रवक्ता

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण